नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/०७
च.नं. :- ३३४

श्री स्थानीय तह (सबै) ।

विषयः- जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय, कानून तथा फैसला शाखाको च.नं. २३९ प.स. ०७६/७७ मिति २०७६/११/२ को अदालतको आदेश कार्यान्वयन सम्बन्धको पत्रानुसार बुँदा नं. १३/२३६ दिनेश चौधरी प्र.म. तथा म.प.स. को कार्यालय समेत परमादेशमा भएको व्यहोरा यसैसाथ संलग्न छ । उक्त परमादेश कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह समेतको हुने भएकोले उक्त परमादेश कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/०७

(राजकुमार बोहरा)
शाखा अधिकृत

बोधार्थ :
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून तथा फैसला शाखा, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फोन नं ४२००२९७

सिंहदरबार, काठमाडौं

कानून तथा फैसला कार्यान्वयन शाखा

प.स:- कानून/आदेश कार्यान्वयन/०७६/७७

च.नं.: २३०

मिति: २०७६/११/२

विषय : अदालतको आदेश कार्यान्वयन सम्बन्धमा ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६६०
मिति:- २०७६/११/०६

श्री स्थानीय तह समन्वय शाखा
संघीय मामिला नथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त विषयमा रिट निवेदक अधिवक्ता दिनेश चौधरीले यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गर्नु भएको परमादेश समेत विषयको रिट निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४/१२/१९ मा भएको आदेश यसै पत्रसाथ संलग्न छ । फैसला कार्यान्वयन निर्देशनालयबाट उक्त आदेश/फैसलाको कार्यान्वयनको अवस्था बारे जानकारी माग भई आएको हुँदा स्थानीय तहलाई पत्राचार गरी उक्त आदेशको जानकारी गराइ दिनु हुन तथा उक्त आदेशमा उल्लिखित विषयमा कुनै काम कारबाही भएको भए सोको जानकारी यस शाखामा उपलब्ध गराई दिनुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

(विजय राज ओझा)
शाखा अधिकृत (कानून)

श्री ........ / रजकुमारी
०७६/११/५

सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाडौं
फोन नं : ०१-४२५९६०२
फोन नं : ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

दर्ता नं.:- १०८८५
२०७६।१०।२६

प. सं. ०७६।०७७
च. नं. ४२४

मिति २०७६।१०।२०

विषयः- सार्वजनिक सरोकारको विवादमा भएका आदेश निर्देशनात्मक / आदेश कार्यान्वयन सम्वन्धमा

श्री संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यन्वयन शाखा)

उपरोक्त सम्वन्धमा तहा मन्त्रालयको नाममा यस निर्देशनालयमा रहेको लगतको विवरण थान १० को विवरण यस निर्देशानलयको च.नं. २५५ मिति २०७६।८।३ मा पठाई सकिएको छ ।

न्यायपलिकाको चौथो पञ्वर्षिय रणनितिक योजना २०७६।७७-२०८०।८१ को रणनितिक उद्देश्य अनुसार सार्वजिनिक सरोकारको विवादमा आदेशमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा १ बर्ष आदेश/ फैसला कार्यान्वयन गरि सक्नु पर्ने भन्ने व्यवस्था रहे भएको सन्दर्भमा प्रस्तुत पत्र लेखिएको छ ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३४ मा फैसला कार्यान्वयनको समयावधि बढाउन निवेदन दिन सक्ने (१) कानून निर्माण गर्न पुरा गर्नु पर्ने लामो प्रकृया वा अन्य कावुबाहिरको परिस्थितिले गर्दा कुनै निर्देशनात्मक आदेश निर्धारित समय भित्र कार्यान्वयन गर्न नसकेमा वा नसक्ने भएमा सो को आधार र कारण खोली सम्वन्धित निकाय वा अधिकारीले महान्यायाधिवक्ता मार्फत मुख्य रजिष्ट्रार समक्ष आदेश कार्यान्वयन गर्ने मनासिव समयावधि थप गर्न निवेदन दिन सक्ने छ भन्ने प्रावधान समेत रहेको हुदा त्यस मन्त्रालय / मातहत निकायको अभिलेखमा १० संख्या रहेकोमा सो को कार्यान्वयनको प्रगति विवरण सहित कार्यान्वयन गर्न केही बाकी वा नसक्ने अवस्था सहितको विवरण सहित सम्पूर्ण व्यहोरा उल्लेख गरी, सर्वोच्च अदालत नियमावली, २०७४ को नियमा १३४(१) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिन हुन निर्देशानुसार अनुरोध छ ।

२०७६।१०।२०
पुष्पराज तिमल्सिना
शाखा अधिकृत

शाखा अधिकृत

**वोधार्थ**

श्री महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाण्डौ । -

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | १५४ | दिपेन्द्र ब. क्षेत्रि | प्र.म. तथा म.प.स. को कार्यालय समेत | उत्प्रेषण समेत | क) मुद्दाको ०:भषष्त भित्रै अदालत प्रवेश गरी लगाएको अभियोग प्रमाणित गर्ने प्रमाणको आधारको कारण दोषी नठहरिने अवस्था र<br>ख) विभिन्न कानूनी -प्राविधिक कारण विभिन्न कानूनी -प्राविधिक कारण भन्नाले,<br>१) अधिकारै नभएको निकायले भ्रष्टाचारको अपराधको अनुसन्धान गरी कानूनी त्रुटी भएको -गरेको ,<br>२) अधिकारै नभएको निकायले अभियोग लगाई मुद्दा चलाई कानूनी भएको -गरेको ,<br>३) हदम्याद नाघी मुद्दा दायर गरी कानूनी त्रुटी भएको -गरेको ,<br>४)अधिकारै नभएको अदालतमा मुद्दा दायर गरी अधिकारै नभएको अदालतले मुद्दा हेरी त्रुटी भएको -गरेको ,<br>५) अधिकारै नभएको व्यक्तिले मुद्दा हेर्दा त्रुटी भएको -गरेको ,<br>६) कानूनले हेर्न नहुने मुद्दा हेरी खिमी कानूनी त्रुटी भएको -गरेको ,<br>१२. माथिको खण्ड (क) को अवस्थामा अदालतले मुद्दाको ०:भषष्त भित्रै प्रवेश गरी सबुद प्रमाणको आधारमा दोषी हो होइन ठहर गरिन्छ तर खण्ड (ख) को (१) देखी (६) सम्मको अवस्थामा मुद्दाको ०:भषष्त भित्र प्रवेश नै गरिदैन । अभियोग लागेको अभियुक्त दोषी हो होइन सबुद प्रमाण नै हेरिदैन । खण्ड (ख) को (१) देखी (६) सम्मको अवस्थामा कानूनी त्रुटीको कारण मुद्दाको ०:भषष्त भित्र प्रवेश नै नगरी खारेज हुने हुँदा खण्ड (१) देखी (६) सम्मको अवस्थामा सम्बन्धित व्यक्तिले भ्रष्टाचार गरेको हो होइन सोतर्फ अदालत प्रवेश नै गर्दैन । यस्तो अवस्थामा सेवा शर्त सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक पुनर्स्थापना हुन सक्दैन । नेपाल सरकार वा अख्तियारवाला खण्ड (क) को अवस्थामा मात्र आधार र कारण सहित साविक पदमा नियुक्ति दिने नदिने सम्बन्धमा अख्तियारवालाले स्वविवेकीय अधिकार प्रयोग गरीआवश्यक निर्णय गर्न सक्छ भन्ने आदेश भएको देखिन्छ | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने | अन्य | २०६६-०८-०५ | विविध | २०७०-०२-१७ | नयाँ कानून निर्माण | |
| १० | ३५ | रमा पन्त खरेल समेत | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश समेत | ...सामाजिक व्यवहार (सुधार) ऐन,२०३३ को व्यवस्थालाई आचारणमा समावेश गरी यदी राष्ट्रसेवकले उक्त ऐन विपरित सामाजिक व्यवहार गरेमा आचरण विपरित कार्य गरेको भनी विभागिय कारवाही गरी सामाजिक व्यवहार सम्पन्न गर्ने प्रत्येक कर्मचारीले उक्त ऐनको दफा १५ अनुरुप हिसाब देखाउनु पर्ने व्यवस्था गर्नु भनी विपक्षीका प्रधान मन्त्री तथा मन्त्रीपरिषदको नाममा निर्देशात्मक आदेश जारी हुने ठहर्छ... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने | नि.आ. | २०६५-०३-२६ | विविध | २०६८-०१-२७ | नयाँ कानून निर्माण | खोजियो माथिल |
| ११ | २३१ | बिदुर प्रसाद अधिकारी | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश समेत | ...राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने दिशातर्फ सरकार अगाडि बढेको देखिन आएकोले रिट निवेदनहरुको माग बमोजिम आदेश जारी गर्न मिलेन रीट निवेदन खारेज हुने ठहर्छ । .... यस अदालतबाट मिति २०६५/०९/२३ मा लिलाधर भण्डारीको निवेदन तथा सुनिलरन्जन सिंह विरुद्ध कुबेर सिंह राना समेत भएको रीट निवेदनमा मिति २०६९/०४/२८ मा विगतको मानव अधिकार उल्लंघनको घटनामा संलग्न भए नभएको र मानव अधिकार एवं कानूनी राज्यमा आस्था भए नभएको नहेरी कुनै सार्वजनिक उत्तरदायित्व बहन गर्ने व्यक्तिलाई राज्यसत्ताको उपयोग गर्ने किसिमको खास जिम्मेवारी दिदा राज्य र सर्वसाधरण थप संकटमा पर्न सक्ने हुनाले संक्रमणकालिन न्यायको व्यवस्था गर्न र खासगरी सार्वजनिक पदमा नियुक्ति तथा बढुवा लगायतका अन्य कारबाही गर्दा उपरोक्त बमोजिम जिम्मेवारी दिन सार्वजनिक उत्तरदायित्व बहन गर्ने त्यस्तो पदाधिकारीले मानव अधिकार उलंघन गरे नगरेको कुराको परिक्षण गरी जिम्मेवारी सुम्पने सम्बन्धमा परिक्षण प्रक्रिया ( Veting Process) सम्बन्धित खास कानूनको व्यवस्था हालसम्म निर्माण भएको नदेखिएकोले यस सम्बन्धमा आवश्यक प्रबन्ध गर्नु भनि दिएको आदेश कार्यान्वयनका सम्बन्धमा तदारुकताका साथ काम कारबाही अगाडी बढाएको नदेखिदा माथि उल्लेखित रीट निवेदनहरुमा जारी भएको निर्देशनात्मक आदेशहरुको कार्यान्वयन गर्ने तर्फ आवश्यक पहल गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका नाममा पुन निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । उक्त आदेशहरु हाल के कति कार्य प्रगति भएको छ भन्नेआ तर्फ सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयबाट सम्बन्धित क्षेत्रमा पहल गरी प्राप्त प्रतिवेदन वा जवाफ ३/३ महिनामा यस अदालतका मुख्य रजिष्ट्रारलाई पठाउनु भन्ने समेत व्यहोराको आदेश... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने / अनुगमन गर्नुपर्ने | नि.आ. | २०७३।१२।१७ | विविध | २०७५।०७।१२ | नयाँ कानून निर्माण | |
| १२ | २३४ | अधिवक्ता प्रकाश मणी शर्मा | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश समेत | ...अतः माथि विवेचित आधार र कारणबाट साविकमा क्रिष्टौल होटल रहेको कि.नं. ९४२ को जग्गामा महर्जन बिजनेश एसोसियटसले विजनेस कम्प्लेक्स भवन बनाइहेको र सो क्षेत्र हनुमानढोका दरबार संरक्षित स्मारक क्षेत्र बाहिरको सिमा सोको उपक्षेत्र ( Preserved Cultural Heritage subzone ) अर्थात् सन्निकटक्षेत्र (Buffer Zone ) मा पर्ने भएपनि सो भवन निर्माण बारे काठमाण्डौ महानगरपालिकाबाट स्वीकृत भएको नक्सा बमोजिम भवनको उचाई ३५ फीटको सिमाना रहेन र सोको झ्याल ढोका र भवनको बाहिरी आकृति हनुमानढोका संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड बमोजिम गर्ने र सो स्थानमा रहेको साविकको कुमारीको निराकार मूर्ति एवम् प्रतिमा समेत पुरातत्व विभाग काठमाण्डौ महानगरपालिका र प्रत्यर्थी महर्जन बिजनेस कम्प्लेक्सबीच भएको त्रिपक्षीय सम्झौता बमोजिम उपयुक्त स्थानमा पुनर्स्थापना गर्ने गरी परमादेशको आदेश जारी हुने ठहर्छ... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने | नि.आ. | २०७५।०९।०९ | विविध | २०७५।०९।२६ | नयाँ कानून निर्माण | |
| १३ ✓ | २३६ | [illegible] चौधरी | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश समेत | ...अतः भवन लगायत अन्य निर्माण कार्यका सम्बन्धमा अन्तराष्ट्रिय रुपमा स्वीकृत प्राविधिक मापदण्डको अनुकूल हुने गरी मापदण्ड एवं निर्माण आचार संहिता बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु, कमसल वा गुणस्तरहिन सामग्रीको प्रयोग नगर्ने तर्फ आवश्यक जनचेतना जगाउने लगायतका गुणस्तरीय निर्माण कार्य सुनिश्चित गर्न अनुगमन, नियन्त्रण एवं निगरानी सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने | नि.आ. | २०७४।१२।१९ | भवन निर्माण आचार संहिता | २०७५।१०।०६ | कानून कार्यान्वयन | खोजियो माथिल |
| १४ | ११९ | नारायण सिंह राजपुत | महान्यायाधिवक्ताको कार्यालय समेत | परमादेश समेत | ...मिति २०६५।०२।३० को महान्यायाधिवक्ताको कार्यालयको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर । उक्त मुद्दाको गम्भीर रुपमा अनुसन्धान गरी जो जे बुझ्नुपर्ने थप पुन ०: प्रमाण बुझी प्रचलित कानून बमोजिम कारवाही गर्ने गराउने र सो कारवाहीको जानकारी यस अदालतलाई दिनु भनि महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पंठाउनु... | प्र.म. तथा म.प.स. को कार्यालय / महान्यायाधिवक्ता | कार्यान्वयनको क्रममा / निरन्तर | नि.आ. | २०७४।१२।१९ | भवन निर्माण आचार | २०७५।१०।०६ | कानून कार्यान्वयन | |
| १५ | २३७ | अधिवक्ता राम कुमार दिक्षित | प्र.म. तथा म.प.स. को कार्यालय समेत | परमादेश समेत | ...तसर्थ माथी प्रकरणहरुमा विवेचना गरिए बमोजिम निवेदकले माग गरेको विषयमा नेपाल सरकार समेतको जवाफबाट जनताको हितमा नै राम्रो गर्न सरकार सकारात्मक रहेको भन्नेन देखिएपनि निवेदकले माग गरेको विषयहरुका सम्बन्धमा जो जे गर्नु पर्ने हो गरी कार्यान्वयन गर्न गराउन प्रभावकारी कदम चाल्नु भनी विपक्षीहरुको नाँउमा परमादेशको आदेश जारी हुने ठहर्छ... | प्र.म. तथा म.प.स. को कार्यालय समेत | कार्यान्वयनको क्रममा / निरन्तर ताकेता गर्नुपर्ने | नि.आ. | २०७३।१०।२० | धारा ४२ र ४३ को कार्यान्वयन | २०७५।१०।२० | नयाँ कानून निर्माण | |